माई नगरपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः ५ मितिः २०७६/०१/०२

भाग- १

माई नगरपालिका


## माई नगरपालिकाको संघ संस्था दर्ता ऐन, २०७५

माई नगरपालिका नगर सभाबाट स्वीकृत मिति: २०७५/१२/२९

प्रमाणीकरण मिति: २०७६/०१/०२

प्रस्तावना : सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २१८ ले दिएको अधिकार प्रयोग गरी माई नगरपालिकाको संघ संस्था दर्ता ऐन, २०७५ तर्जुमा गरी लागू गरिएको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम माई नगरपालिकाको 'संघ संस्था दर्ता ऐन, २०७५' रहेको छ ।

(२) यो ऐनको विस्तार माई नगरपालिकाभर हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) 'संस्था' भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद्, अध्ययनकेन्द्र आदि सम्झनुपर्छ र सो शब्दले मैत्री संघ समेतलाई जनाउँछ ।

(ख) 'नगरपालिका' भन्नाले माई नगरपालिकालाई सम्झनुपर्छ ।

(ग) 'नगर प्रमुख' भन्नाले माई नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

(घ) 'स्थानीय अधिकारी' भन्नाले माई नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अधिकारी सम्झनुपर्छ र त्यसरी अधिकारी नतोकिएकोमा प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ङ) 'प्रबन्ध समिति' भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध समिति सम्झनुपर्छ ।

(ग) 'तोकिएको' वा 'तोकिए बमोजिम' भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

३. दर्ता नगरी संस्था खोल्न नहुने : यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि संघ संस्था स्थापना गर्न हुँदैन ।

४. संस्थाको दर्ता : (१) संघ संस्था स्थापना गर्न चाहने २५ जना वा सोभन्दा बढी व्यक्तिहरुले संघ संस्थासम्बन्धी देहायको विवरण खुलाई संघ संस्थाको विधानको दुई प्रति र तोकिएको दस्तुर सहित स्थानीय अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ :

(क) संस्था गठन गर्ने,
(ख) संस्थाको नाम र ठेगाना राख्ने,
(ग) संस्थाका कार्यहरु तय गर्ने,
(घ) संस्थाको कार्यक्षेत्र निर्धारण गर्ने,
(ङ) प्रबन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,
(च) कम्तीमा ७ देखि ११ सदस्यीय विधान मस्यौदा समितिको गठन,
(छ) आर्थिक श्रोतहरुको पहिचान,
(ज) सदस्यहरुले बुझाउनुपर्ने शुल्क दस्तुरको विवरण,
(झ) कार्यालयको ठेगाना ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी संघ संस्था दर्ता गर्न उचित ठानेमा संघ संस्था दर्ता गरी दर्ताको प्रमाण पत्र दिनेछ ।

(३) स्थानीय अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो निर्णय उपर नेपाल सरकारले तोकेको अधिकारी समक्ष उजूर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको उजूर प्राप्त भएपछि नेपाल सरकारले तोकेको अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिब ठहराएमा सो संस्था दर्ता गर्ने स्थानीय अधिकारीलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि स्थानीय अधिकारीले संस्था दर्ता गरिदिनु पर्नेछ ।

(५) यस दफा अन्तर्गत दिइने प्रमाणपत्रको ढाँचा, अवधि, नवीकरण र नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

५. संगठित संस्था मानिने : (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संघ संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

६. संस्थाको सम्पत्ति : (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संघ संस्थाको कुनै सम्पत्ति दुरपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा स्थानीय अधिकारीको सिफारिसमा नगर कार्यपालिकाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संघ संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी नगर कार्यपालिकाले गरेको कारबाहीमा चित्त नबुझ्ने व्यक्तिले प्रचलित कानूनले तोकेको न्यायिक निकायमा पुनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा संघ संस्था, संघ संस्थाको कुनै सदस्य वा नगर प्रमुखले प्रचलित कानून बमोजिम मुद्दाको कारबाही चलाउन सक्नेछ ।

माई नगरपालिका इलाम २०७२

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

७. अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने : यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता नभई स्थापना भइरहेका संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र यो ऐन बमोजिम दर्ता गराउनु पर्नेछ ।

८. संस्थाको उद्देश्यहरुमा हेरफेर : (१) संघ संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संघ संस्थालाई कुनै अर्को संघ संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको प्रबन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ । तर सो प्रस्ताव लागू गर्न नगर प्रमुखको पूर्व स्वीकृति लिनु पर्नेछ ।

९. हिसाबको विवरण पठाउनु पर्ने : प्रबन्ध समितिले आफ्नो संघ संस्थाको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्षको असोज मसान्तभित्र नगर कार्यपालिकामा पठाउनुपर्नेछ ।

१०. हिसाब जाँच गर्ने : (१) नगरपालिकाले आवश्यक देखेमा संघ संस्थाको हिसाब आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए बापत नगरपालिकाले हिसाब जाँचबाट देखिन आएको संघ संस्थाको मौज्दात रकमको पाँच प्रतिशतमा नबढाई आफूले निर्धारित गरेको दस्तुर असूल गरी लिन सक्नेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले नगरपालिकाले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन स्थानीय अधिकारीसमक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने नगर प्रमुखलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल गर्न प्रचलित कानून बमोजिम कारबाही चलाउन सक्नेछ ।

तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन लगाउनेछ ।

११. निर्देशन दिने : संघीय वा प्रादेशिक सरकारले संघ संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संघ संस्थाको कर्तव्य हुनेछ ।

१२. दण्ड सजाय : (१) दफा ३ बमोजिम दर्ता नगराई संघ संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संघ संस्था संचालन गरेमा त्यस्ता संस्थाका प्रबन्ध समितिका सदस्यहरुलाई नगर प्रमुखले जनही दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा ९ बमोजिम हिसाबको विवरण नपठाएमा प्रबन्ध समितिका सदस्यहरुलाई नगर प्रमुखले जनही तीन हजार रुपैयाँसमम जरिवाना गर्न सक्नेछ ।

तर कुनै सदस्यले दफा ९ उल्लंघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई नगर प्रमुखले जनही एक हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा ८ बमोजिम स्थानीय अधिकारीको स्वीकृति नलिई संघ संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संघ संस्थासँग गाभेमा वा संघ संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी संघीय, प्रादेशिक सरकार र नगरपालिकाले दिएको निर्देशन पालन नगरेमा नगर प्रमुखले त्यस्तो संघ संस्थाको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ ।

१३. पुनरावेदन : दफा १२ बमोजिम नगर प्रमुखले गरेको अन्तिम निर्णय उपर पैंतीस दिनभित्र तोकिएको अदालतमा पुनरावेदन लाग्नेछ ।

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

१४. संघ संस्थाको विघटन र त्यसको परिणाम : (१) संघ संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संघ संस्था विघटन भएमा त्यस्तो संघ संस्थाको सम्पूर्ण जायजेथा नगर कार्यपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संघ संस्थाको दायित्वको हकमा सो संघ संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व नगर कार्यपालिकाले व्यहोर्नेछ ।

१५. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्यन गर्न नगर कार्यपालिकाले बनाउन सक्नेछ ।

१६. अधिकार प्रत्यायोजन : यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्राप्त अधिकारहरुमध्ये सबै वा कुनै अधिकार नगर प्रमुखले आफू मातहतका पदाधिकारी वा कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१७.अन्य ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्ने : कुनै संघ संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को ऐनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो संघ संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ ।

१८. खारेजी र बचाउ : (१) संघीय वा प्रादेशिक व्यवस्थापिकाले निर्माण गरेको कानून विपरित भएको दफा सोही अनुसार खारेज वा परिमार्जन हुनेछन् ।

(२) यस ऐनलाई प्रतिस्थापन गर्ने गरी अर्को ऐन बनेर लागू नभएसम्म यसै ऐन अनुसार भए गरेको मानिनेछ ।

(३) संघ संस्था दर्ता ऐन २०३४ अनुसार दर्ता भई माई नगरपालिकाको सरहदभित्र कार्यक्षेत्र रहने गरी गठन, सञ्चालन भइरहेका संघ संस्थाहरु यसै ऐन अनुसार दर्ता भएको मानिनेछ ।

आज्ञाले:

नाम: पुरुषोत्तम घिमिरे

प्रमुख प्रशासकीय अधिकृत